# लहान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लहान (सिरहा)
२ नं. प्रदेश, नेपाल

## विषय :- विज्ञप्ती ।

**आदरणीय नगरबासी**

२०७४ आश्विन २ मा भएको स्थानीय तहको निर्वाचन र सो पछि प्रदेश तथा संघीय निर्वाचन सम्पन्न भै सवै स्थानीय तहले आफ्नो योजना बनाई नगरपालिकाको विकाश निर्माणमा अगाडी वढी समृद्धिको पक्षमा काम भैरहेको अवस्थामा लहान नगरपालिकाले **"हाम्रो लहान समृद्ध लहान"** र **समृद्ध लहानको आधार- कृषि, उद्योग पर्यटन र पूर्वाधार** भन्ने मुल नाराको साथ लहान नगरपालिका कार्यपालिकाको सम्पूर्ण सदस्य, नगर सभाको सम्पूर्ण सदस्य उक्त लक्ष्य प्राप्तीको लागि सर्वसम्मत निर्णय गरी अगाडी वढी रहेको व्यहोरा सर्हष जानकारी गराउदैं सो उद्देश्य प्राप्तिको लागि दृढरुपमा प्रतिवद्ध भई कार्यावन्यन तर्फ अग्रसर छु ।

संविधानले गरेको व्यवस्था बमोजिमको निर्वाचनबाट नगरवासीको सहयोगले विगत १५ वर्षको रिक्तता र विकासको गतिले पछाडि धकेलिएको लहान नगरपालिकाले आगामी ५ वर्षको कार्यकालमा कृषिमा आधुनिकीकरण, शिक्षामा गुणस्तरीयता अभिबृद्धि, स्वास्थ्य सेवामा बढोत्तरी लगायत भौतिक पुर्वाधार विकासका कार्यहरुमा सवैले विकासको अनुभूति हुने गरी हामीले जारी गरेको घोषणा वमोजिम लक्ष्य पुरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

**आदरणीय नगरवासीहरु**

लहान नगरपालिकाले सर-सफाई कार्य अन्तर्गत लहान न.पा. को शहरी लगायत क्षेत्रमा समेत भई सर-सफाई कार्यक्रम चलिरहेको अवस्थामा लहान नगरपालिकाको विकास कार्यक्रममा अवरोध खडा गर्ने केही राजनैतिक दलहरु लागिपरेको र विकास कार्य लगायत शिक्षा, स्वास्थ्य तर्फ अवरोघ गर्ने उक्त दलहरुलाई विरोधकोलागि विरोध गर्ने मानस्किता लिई विकास कार्यमा अवरोध खडा गर्ने, विकास कार्य अवरोध गर्न भ्रम सिर्जना गरी, भड्काउने, उस्काउने कार्यहरु सदन देखि सडक र नगरपालिकारुमा विकास कार्य अवरोध गर्ने राष्ट्रव्यायी निति लिएको देखिन्छ, तसर्थ उक्त दल र सो दलका भातृ संगठनलाई कम से कम लहान नगरपालिकाको विकास कार्यलाई अवरोध नगरी सहयोगकोलागि आग्रह गर्दछौं ।

**आदरणीय लहान नगरवासी**

लहान नगरपालिकाको पूर्वाधार विकास कार्यक्रम निति अनुसार लहान नगरपालिकाले मुख्य सडक, सहायक सडक, वडाको मुख्य सडक र सेट व्याक निर्धारण गरी सडक फराकिलोको गर्ने कार्य चलिरहेको छ । सो अन्तर्गत न.पा. मुख्य सडकहरु मध्ये यस आ.वर्ष लगभग १४ कि.मि. सडक कालो पत्रे (पिच) वनाउने कार्यक्रम संचालन अवस्थामा छ भने वडाहरुवाट नाला, पि.सि.सि., ग्रोभल र कृषि सडक निर्माण कार्य निरन्तर चलिरहेको छ ।

राष्ट्रिय राजमार्ग (लोकमार्ग) लहान न.पा. भित्र लगभग ७ कि.मि. पर्दछ, जुन सडक डिभिजन कार्यालय लहान अन्तर्गत पर्दछ । स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहलाई समेत जिम्मेवार वनाईएका अवस्थामा २०७४ साल आश्विन ३० गते डिभिजन सडक कार्यालयका डिमिजन प्रमुख राम कुमार देव र लहान स्थित इलाका प्रशासन प्रमुख, इलाका प्रहरी प्रमुख, लहान सस्शत्र प्रहरी प्रमुख, यातायात कार्यालय प्रमुख लगायतको बैठकवाट पुर्व पश्चिम लोकमार्ग (राजमार्ग) सार्वजनिक सडक ऐन, २०३१ म भएको व्यवस्था तथा बमोजिम स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा भएको व्यवस्था वमोजिम सडक सिमा २५ मिटर र सेट व्याक ६ मिटर गरी ३१ मिटर क्षेत्र भित्र घर, टहरा, हटाउने निर्णय भएको । सो अनुरुप सडक विभागले सूचना प्रकाशित गरेको लहान नगरपालिकाले माइकिङ्ग, पर्चा, पम्पलेट, पत्रिकाहरु मर्फत सूचना प्रकाशित गरेको अवस्था र सम्मानिय अदालतले समेत सेट व्याक समेत ३१ मिटर खाली गराउने आदेश समेत भैसकेको अवस्थामा डिभिजन सडक कार्यालयको प्रमुख राम कुमार देवले केही राजनैतिक दलको नेताका प्रभावमा परी सो सडक सेट व्याक खाली न गराउन आशयको पत्र न.पा.मा पठाएको र अन्य चलखेल गरी अदालतलाई समेत भ्रममा पार्न कोशिस गरेकोले सो सडक क्षेत्रमा वनेको घर, टहरा, फुटपाथ, छाडा वस्तु, नाला माथि वनेको घर, कठघरा खाली गर्न न दिएको अवस्था छ ।

पुर्व पश्चिम लोकमार्गमा ३१ मिटर खाली राखी ८०% घर जग्गा छ भने २०% ले मात्र राजमार्ग अतिक्रमण गरी राखेको छ सोमा केही दल संरक्षण दिई नगर सफाईमा अवरोध खडा गरेको छ । त्यसै गरी लहानको १ नं. सडकको फुटपाथ खाली गराइएकोमा पुन: विकास विरोधी तत्वहरुले राजनैतिक आडमा सो सडक फुटपाथ अतिक्रमण गरी भित्री सडकमा समेत सडक फुटपाथ खाली गराउनमा अवरोध गर्ने दुस्प्रयास गरिएको छ ।

सोही क्रममा स्थानीय पत्रकारहरुवाट पत्र पत्रिकामा आफ्नो जे जो उदेश्यले विचार राख्नु भएकोछ, यसबाट लहान नगरवासीमा विकास र सर-सफाई प्रति सचेत र जागरुक वनाउने कार्यमा सहयोग भएको छ भने मैले विश्वास लिएकोछु ।

अन्तमा फराकिलो सडक, फुटपाथ तथा सेट व्याक, नगरको सर-सफाई पूर्वाधार विकास कार्य लगायत कामहरु लहान नगरपालिकाको सम्पूर्ण कार्यपालिका परिवार पूर्ण अढोट र प्रतिवद्ध रहेकोले यसमा कार्यमा अवरोध गर्ने सम्वन्धित कार्यालयका प्रमुख वा राजनैतिक दललाई पाखा लगाउँदै सम्पूर्ण नगरवासीलाई **"हाम्रो लहान समृद्धि लहान"** बनाउने कार्यमा सहयोगको लागि हार्दिक अपिलका साथ सादर आग्रह अनुरोध गर्दछौं ।

**धन्यवाद, जय लहान**

मुनी साह
नगर प्रमुख
लहान नगरपालिका

मिति : २०७५।४।२५ गते शुक्रबार ।

Scanned by CamScanner